## स्वच्छताको विकास

सरसफाइ युक्त समाजको निमार्णका लागि समुदायस्तरमा स्वच्छता सम्बन्धि बिभिन्न जनचेतनामूलक कार्यक्रम जस्तैः तालिम, अवलोकन भ्रमण, गोष्ठी, सडक नाटक, र्‍यालीहरु संचालन गर्ने योजना यस परियोजनाले लिएकोछ। समुदायको बानी व्यवहारमा परिवर्तन गर्न विशेषतः जोखिमपूर्ण अवस्थामा साबुन पानीले हात धुने, पानी शुद्धिकरण गरेर पिउने, घरेलु फोहरको उचित व्यवस्थापन गर्ने र अन्य घरायसी तथा वातावरणीय सरसफाइका विषयमा स्वच्छताका कार्यक्रम संचालन गरिनेछ।



विश्व वातावरण दिवस २०७० को अवसरमा आयोजित सप्ताहव्यापी कार्यक्रमको एक झलक



विद्यालय सरसफाईका लागि डस्टविन हस्तान्तरण गर्दै।

## जनवकालत

खानेपानी, सरसफाइ तथा स्वच्छतामा नागरिकको पहुँच, अधिकार तथा सु-शासनको सुनिश्चताका लागि सरोकारवालाहरुको क्षमता अभिबृद्धि, सेवा सुविधा बिस्तार, नागरिक सचेतनाका विभिन्न पैरवी तथा जनवकालत गरिनेछ। यसले आवश्यक नीति र अभ्यासका लागि सेवा प्रदायकहरुलाई अधिक जवाफदेहि बनाउन सहयोग गर्नेछ।



गा.वि.स. स्तरिय खानेपानी, सरसफाइ तथा स्वच्छता समन्वय समितिको बैठक

## परियोजनाको कार्य अवधि

यस परियोजनाको अवधि ३ वर्ष रहनेछ र परियोजना अन्तर्गत सुविधा विस्तार, क्षमता अभिवृद्धि, पैरवी र जनवकालतका कार्यक्रमहरु संचालन गरिनेछ।

## थप जानकारीका लागि


**शहरी वातावरण व्यवस्थापन समाज (यूम्स)**

**केन्द्रिय कार्यालय**

प्रयागपोखरी -१२, ललितपुर उपमहानगरपालिका

फोन नं.९७७ ०१ ५५३४७९८। पोष्ट बक्स नं २७१, ललितपुर नेपाल

ईमेलः uems@wlink.com.np, वेभसाईटः www.uems.org.np

**फिल्ड कार्यालय**

फैडोल-९, लेले गा.वि.स., ललितपुर


# लेले एकिकृत खानेपानी, सरसफाइ तथा स्वच्छता परियोजना




शहरी वातावरण व्यवस्थापन समाज
Urban Environment Management Society

WaterAid

## पृष्ठभूमि

लेले गाउँ विकास समिति ललितपुर जिल्लाको दक्षिण भेगमा अवस्थित नगरउन्मुख क्षेत्र हो । भौगोलिक क्षेत्रफलको आधारमा लेले गा.वि.स. ललितपुर जिल्लाको दोस्रो ठूलो गा.वि.स. हो । ललितपुर उपमहानगरपालिका देखि १४ कि.मि. दूरीमा रहेको यस गा.वि.स.को क्षेत्रफल २४.०८ वर्ग कि.मि. रहेकोछ । यस गा.वि.स.को पूर्वमा भारदेव र गोदावरी गा.वि.स., पश्चिममा छम्पी र देवीचौर गा.वि.स., उत्तरमा वडीखेल र चापागाउँ गा.वि.स. र दक्षिणमा नल्लु र दलचोकी गा.वि.स. पर्दछ। यस लेले गा.वि.स.मा ९ वटा वडा रहेका छन् । कुल ८,४११ जनसंख्या र १,८२२ घरधुरी (राष्ट्रिय जनगणना, २०११) रहेको यस गा.वि.स.मा १.६% अत्ति गरीव, २५.२% गरीब, ५६% मध्यम वर्ग र १७.१% सम्पन्न छन् । जातजातिको हिसाबले ४७.८% ब्राह्मन-क्षेत्री, ४१.७% जनजाति, ३.७% दलित र ६.८% अन्य बर्गका छन् (यूम्स्, २०६८) । यहाँका मानिसहरु विशेषगरी कृषि, व्यापार र पशुपालनमा संलग्न छन् ।

लेले गाउँ विकास समितिमा खानेपानी, सरसफाइ र स्वच्छताको अवस्था निकै चुनौतीपूर्ण रहेको छ । शहरी वातावरण व्यवस्थापन समाज (यूम्स्)ले २०६८ सालमा गरेको प्रारम्भिक अध्ययन अनुसार यस गा.वि.स.को कुल घरधुरीको ९६% घरधुरी धाराको पानी प्रयोग गर्दछन् तर प्राय सबै खानेपानी आयोजनाहरु मर्मत संभारको अभावमा पुराना र जीर्ण बन्दै गएका छन् । यसैगरी ५८% घरधुरीमा मात्र सुरक्षित शौचालयको व्यवस्था छ भने २२% घरधुरी असुरक्षित शौचालय प्रयोग गर्छन् र २०% घरधुरीमा शौचालयको व्यवस्था छैन् । यस्तै ४९% घरधुरीले मात्र सम्पूर्ण जोखिमपूर्ण अवस्थामा साबुन पानीले हात धुने गर्छन् र १४% घरधुरीले मात्र पानी शुद्धिकरण गरी पिउँछन् । यिनै अवस्थालाई मध्यनजर गर्दै यूम्सले वि.सं. २०७० साल देखि लेले गा.वि.स.मा एकिकृत खानेपानी, सरसफाइ तथा स्वच्छता परियोजना सञ्चालन गर्दैछ ।

## परियोजनाको उद्देश्य

१) गरीब र पछाडि पारिएका समुदायमा सुरक्षित खानेपानी, सुरक्षित शौचालय तथा सरसफाइको पहुँचमा बृद्धि गर्ने ।

२) सरसफाइ तथा स्वच्छता सम्बन्धि बानी व्यवहारमा परिवर्तन ल्याई स्वस्थ समाजको बिकास गर्न टेवा पुऱ्याउने ।

३) खानेपानी, सरसफाइ र स्वच्छता सम्बन्धि जनसमुदाय र सरोकारवालाहरुको क्षमता वृद्धि गर्ने

४) खानेपानी, सरसफाइ र स्वच्छता सम्बन्धि सु-शासन र पहुँच वृद्धिका लागि पैरवी र जनवकालत गर्ने ।

## कार्यशैली

लेले गा.वि.स.मा २०७० साल बैशाख देखि एकिकृत खानेपानी, सरसफाइ तथा स्वच्छता परियोजना शुरु भएको छ। पहिलो वर्ष लेले गा.वि.स.को वडा नं ७ मा कार्यक्रम संचालन गर्ने योजना रहेको छ भने बाँकी आवश्यक वडाहरुमा कार्यक्रम बिस्तार गर्दै लगिनेछ। परियोजना कार्यान्वयनका लागि लेले गा.वि.स. र अन्य सरोकारवालाहरुसँग आवश्यक समन्वय र सहकार्य गरेको छ । कार्यक्रम कार्यान्वयन गर्दा लैगिंक समता तथा समावेशीकरण, पिछडा वर्ग, दलित तथा विपन्न समुदायलाई प्राथमिकता दिइनेछ। स्थानिय समुदायका जिविकोपार्जनलाई प्राथमिकतामा राखेर खानेपानी, सरसफाइ र स्वच्छता परियोजना कार्यान्वयन गरिनेछ । यस परियोजनाका लागि आवश्यक आर्थिक सहयोग वाटरएड नेपाल र स्थानिय समुदायबाट जुटाइनेछ।



लेले गाविसका स्थानियवासीलाई चितवन जिल्लाको दारेचोकमा अवलोकन भ्रमण

## प्रमुख कार्यहरु

### खानेपानी वितरण प्रणाली सुधार

लेले गा.वि.स.मा साना-ठूला गरी धेरै खानेपानी योजनाहरु छन् तर उचित व्यवस्थापन र मर्मत संभारको अभावले गर्दा यी योजनाहरु जीर्ण अवस्थामा छन् । परियोजना क्षेत्र भित्र रहेका यस्ता खानेपानी योजनाको आवश्यक मर्मत संभार गर्नुका साथै उचित प्रशोधनका व्यवस्था गरी समुदाय तथा विद्यालयस्तरमा सुरक्षित खानेपानीका पहुँच पुऱ्याउने लक्ष्य परियोजनाले लिएको छ। यसका साथै खानेपानी योजनाको उचित व्यवस्थापनका लागि आवश्यक तालिम तथा जनचेतना अभिवृद्धि कार्यक्रमहरु सञ्चालन गर्ने योजना पनि रहेको छ।



फेरो सिमेन्ट ट्यांङ्की निर्माण गर्नका लागि जनश्रमदान गर्दै लेले-७ का स्थानियवासीहरु

### चर्पी निर्माण तथा सरसफाइमा सुधार

खुल्ला दिसामुक्त क्षेत्रको रुपमा विकाश गर्न यस परियोजनाले "समुदायको अगुवाइमा पूर्ण सरसफाइ पद्दती" द्वारा सरसफाइ प्रवर्द्धन गर्ने योजना लिएको छ। यसका साथ साथै समुदायमा विभिन्न जनचेतनामूलक कार्यक्रम आयोजना र प्रविधिक सहयोग गरी सम्पूर्ण घर र विद्यालयमा बालवालिकामैत्री, अपाङ्गमैत्री चर्पी निर्माणमा सहयोग गर्ने र गा.वि.स. सँग समन्वय गरी गा.वि.स.लाई नै खुल्ला दिसा मुक्त क्षेत्र धोषणा गर्न सहयोग पुऱ्याइनेछ।